# धनगढी उप-महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
धनगढी, कैलाली
सुदुर पश्चिम प्रदेश, नेपाल

प.सं.: २०७९/८०
च. नं. .............

मिति : २०७९/१०/२९

सूचना ।

**आ.व. २०८०/८१ का लागि न्युनतम रोजगारीमा संलग्न हुन निवेदन दिने बारे सूचना ।**

रोजगारीको हक सम्बन्धी ऐन, २०७५ को दफा ११, रोजगारीको हकसम्बन्धी नियमावली, २०७५ को नियम ७ र प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा १८ बमोजिम आगामी आ.ब. २०८०/०८१ का लागि स्थानिय तह मातहत रहेका रोजगार सेवा केन्द्रको समन्वयमा प्रदान गरिने १०० दिन बराबरको न्यूनतम रोजगारीमा संलग्न भई सार्वजनिक विकास निर्माणको काममा योगदान गर्न इच्छुक विपन्न बेरोजगार व्यक्तिहरुले यहि २०७९ फागुन मसान्तसम्म आफुले स्थायी बसोबास गरेको स्थानिय तहको सम्बन्धित वडा कार्यालयमा बेरोजगार व्यक्तिको सूचीमा सूचीकृत हुन निवेदन दिनहुन यो सूचना प्रकाशित गरिएको छ । निवेदनको ढाँचा र यस सम्बन्धी थप जानकारी वडा कार्यालय, रोजगार सेवा केन्द्र वा प्रधानमन्त्री रोजगार कार्यक्रमको वेवसाइट www.pmep.gov.np बाट प्राप्त गर्न सकिने छ ।

**निवेदनसाथ पेश गर्नु पर्ने कागजात तथा उल्लेख गर्नुपर्ने विवरणहरु :**

१. निवेदकको नागरिकताको प्रतिलिपि र १ प्रति फोटो ।
२. फारममा भएको पारिवारिक विवरणमा निवेदक सहित परिवारको कुल संख्या, सम्पूर्ण सदस्यहरुको नाम, जन्म मिति, नागरिकता नं.,जारी मति, जारी जिल्ला, शैक्षिक योग्यता, सिप, रोजगारीको अवस्था, सामाजिक सुरक्षा कोषबाट वा कुनैपनि प्रकारको नियमित आर्थिक सहायता प्राप्त गरे/नगरेको आदि विवरण अनिवार्य रुपमा भर्नुपर्ने छ ।
३. चालु आ.व.वा यस अघि नै सूचिकरण भएका, रोजगारमा संलग्न भएका व्यक्तिले समेत आगामि वर्षमा काममा खटिन चाहेमा पुनः आवेदन गर्नु पर्नेछ, निजले लाभग्राही नं.र प्राप्त रोजगारी दिन समेत फाराममा खुलाउनु पर्नेछ ।
४. निवेदक कुनै किसिमको नियमित रोजगार वा स्वरोजगारमा संलग्न नभएको हुनुपर्नेछ । सम्पर्क नं., बैङ्क खाता विवरण, वार्षिक आय स्पष्ट उल्लेख गर्नु पर्नेछ ।
७. आवेदक १८ देखि ५९ वर्ष उमेर समुहको हुनु पर्नेछ ।

**नोट :** उपरोक्त विवरणहरु गलत वा अपूर्ण भएमा EMIS मा प्रविष्टी गर्दा फारम स्वतः रद्द हुने जानकारी गरिन्छ ।

..........................
चन्द्र बहादुर महरा
रोजगार संयोजक

अधिकृत स्तर छैठौं

..........................
रामलाल श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

रामलाल श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत
(रा.प.प्रथम श्रेणी)

प्रमुख प्रशासकीय अधिकृत :-०९१-५२०४२९,योजनाशाखा ०९१-५२५५०६, रोजगार सेवा केन्द्रः ०९१-५२६९२६
वेब साईट www.dhangadhimun.gov.np email address: rojgarsewakendradhn@gmail.com